We Re -Come back with
Promt Services for our clints

* Indian Railway
* E-Tickets
* Air E-Tickets (Dom', int'l)
* Tourist Bus E-Tickets
* India Package & Hotel Booking

(हामी बाराही मार्ग होटल फोरसिजन अगाडि सरेका छौं ।)

Contact :
World Touch Tours & Travels Pvt. Ltd.
P.o. box: 506, Lakeside, Pokhara Nepal
Tel.: 061-463844, 463144
Fax : +977-61-466166, Email: sales@worldtouchtravels.com

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ५ ○अंक १८९ ○श्रेणी 'क' ○२०७१ वैशाख २ गते मंगलबार ○ 15April. 2014 ○पृष्ठ ४ ○मूल्य रू. ३/-




## प्रहरी प्रशासकले राजीनामा देऊ-बस्नेत

**राजाराम पौडेल/गोल्डेन न्यूज**
**पोखरा,१ वैशाख ।**

युवा संघ नेपालका केन्द्रीय अध्यक्ष महेश बस्नेतले जननिर्वाचित सरकारले भनेको नमान्ने निरकुशतन्त्र हावी भएका प्रहरी प्रशासकलाई राजीनामा दिन चुनौति दिएका छन् । युवा संघ नेपाल कास्की शाखाको आयोजनामा नववर्ष २०७१ सालको उपलक्ष्यमा आयोजित शुभकामना आदाप्रदान तथा भित्तेपात्रो विमोचन समारोहलाई सोमबार पोखरामा सम्बोधन गर्दै उनले प्रधानमन्त्री र गृहमन्त्रीले भनेको कुरा प्रहरी प्रशासनले मान्नुपर्ने बताए । "सुशिल कोइराला र बामदेव गौतम कोही प्रशासकलाई मन पर्ला नपर्ला त्यो दोस्रो पाटो तर उनीहरु नेपाली जनताको सार्वभौमसत्ता उपयोग गर्ने कार्यकारीका सबैभन्दा प्रमुख मान्छे हुन्" उनले अगाडि थपे "नाकमा नथ्थी लगाएर एउटा पुलीस र एउटा प्रशासनले उहाँहरुलाई मान्नुपर्छ मान्दिन र अवज्ञा गर्छु भनेर कोही माइकलालले भन्छ भने ती निरकुंशतन्त्र हावी भएका पुलिस प्रशासक हुन्" नैतिकताको आधारमा त्यस्ता पुलिस प्रशासकले राजिनामा दिनुपर्छ भन्ने युवा संघको अडान र माग रहेको उनको भनाई थियो । एमालेलाई असफल बनाउन केहि लागेको भन्दै बस्नेतले यो मुलुकमा एमाले कहिल्यै असफल नहुने ठोकुवा समेत गरे । "यो मुलुकमा



एमाले कहिल्यै असफल हुँदैन ।' नेकपा एमालेको नेतृत्व गरेर गएका जोसुकै नेताका विरुद्ध हुने षड्यन्त्रलाई युवा संघ नेपालले मैदानमा उत्रिएर प्रतिरोध गर्ने र नेताहरुलाई सफल बनाउने दावी उनको थियो । कुना काप्चामा बसेर नेकपा एमालेको समृद्धिको अभियानलाई असफल बनाउने षड्यन्त्र भैरहेका छन् भने त्यस्ता षड्यन्त्रको पर्दाफास युवासंघले गर्ने दावी बस्नेतले गरे । केहि प्रहरी अधिकृतले सस्तो 'नौटङ्की' गर्न खोजेको भन्दै उनले कलाकारले गर्ने काम कलाकारलाई नै गर्न दिनुपर्ने भनेर व्यङ्ग समेत गरे । कार्यक्रममा बोल्दै उनले नेकपा एमालेको जेठ २४ गते हुने नवौ महाधिवेशनबाट पार्टीका वरिष्ठ नेता केपी शर्मा ओली अध्यक्षमा सर्वसम्मत चयन हुने दावी गरेका छन् । "नेतृत्व सर्वसम्मत हुन्छ, कुनै चुनाव हुँदैन ।' प्राकृतिक न्यायको हिसाबले र जनताको मतले गर्दा ओली अध्यक्ष बन्ने उनको विश्वास थियो ।

एमालेमा ओलीलाई अध्यक्ष बनाउने लहर आएको त्यो लहरका विरुद्ध कोही नउभिने यदि उभिएमा कार्यकर्ताको पंत्तिले उनीहरुको उपस्थितिलाई अप्ठ्यारोमा पारिदिने समेत उनले चेतावनी दिए । नेकपा एमालेमा अप्ठ्यारो परेको बेला 'डिफेन्स' गर्न सक्ने नेतृत्वको अभाव खड्किएको उनले सुनाए । "अडान लिन सक्ने जोश जाँगर र उर्जा भएको नेता ओली हुन्" बस्नेतको धारणा थियो । सो अवसरमा उनले युवा संघले चलाएको सामाजिक आर्थिक र साँस्कृतिक रुपान्तरणको अभियानबाट प्रभावित भएर ठुलो समूह युवा संघमा प्रवेश गर्न लागेको बताए । युवालाई विकृति विसंगतिबाट मुक्त गराई समाजको लागि योग्य बनाउने अभियानको नेतृत्व संघले गरेकोले युवा संघ तर्फको आर्कषण बढेको उनको भनाइ थियो । युवा संघ नेपाल जिल्ला कमिटी कास्कीका संयोजक विष्णु पुन को अध्यक्षतामा सम्पन्न कार्यक्रमम संघका केन्द्रीय उपाध्यक्ष निरु नेपाल, नेकपा एमाले कास्कीका अध्यक्ष कृष्ण थापा, सभासद रविन्द्र अधिकारी, युवा संघ नेपाल कास्कीका सह-संयोजक कमल भुजेल, सचिव डिल्लिराम सुवेदी लगायतले आ-आफ्नो भनाई राखेका थिए ।

## पोखरेलीलाई मुआब्जा वितरणको तयारी

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा,१ वैशाख ।**

छिनेडाँडामा निर्माण गर्न लागिएको अन्तर्राष्ट्रियस्तरको क्षेत्रीय विमानस्थलका लागि अधिग्रहण गरिएको नपुग जग्गाको मुआब्जा वितरण कार्य अगाडि बढेको छ ।

विसं २०३१ मा विमानस्थल निर्माणका लागि तीन हजार १०६ रोपनी जमिन अधिग्रहण गरिएकामा थप ५७५ देखि ६०० रोपनी नपुग भएपछि अधिग्रहण गरी मुआब्जा वितरण अघि बढाइएको हो । अहिले मुआब्जा वितरणका लागि रु एक अर्ब आएको र अधिग्रहण गर्न लागिएको जग्गा बिक्री वितरणका लागि रोक्का गर्न मालपोत कार्यालयलाई लेखी पठाइएको जिल्ला प्रशासन कार्यालय कास्कीका शाखा अधिकृत रामजी कोइरालाले जानकारी दिए । प्रमुख जिल्ला अधिकारी यादवप्रसाद कोइराला सरुवा भई काठमाडौं जानुभएको र यहाँ आउने प्रमुख जिल्ला अधिकारीको यकिन हुन नसकेकाले मुआब्जा वितरणको काम टुङ्गो लाग्न नसकेको उनले बताए ।

अन्तर्राष्ट्रिय विमानस्थल निर्माण जनसरोकार समितिका सचिव बोधराज कार्कीले विमानस्थल वरिपरिको जमिन प्रतिरोपनी रु ८० लाखदेखि रु एक करोडको हाराहारीमा किनबेच भएकाले त्यहीअनुसारको मूल्य जग्गाधनीलाई दिनुपर्ने माग गरे । यस वरपरका घडेरी प्रतिहात रु दुई लाख र एकतले घरको मूल्य रु ३० लाख पर्ने बताइएको छ । पोखराको देउराली निवासी जङ्गबहादुर कुँवरले पनि अधिग्रहण गरिएका जग्गाको चलनचल्तीको मूल्य जग्गा धनीलाई दिनुपर्नेमा जोड दिए । चीनको एक्जिम बैंकको करिब रु २१ अर्बको लागतमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न नेपाल सरकारले हालै चीनकै एक कम्पनीसँग सम्झौता गरिसकेको छ ।

## पोखरा हङकङ बजार दोस्रो वर्षमा

**पोखरा,१ वैशाख ।(गोल्डेन)**

पोखराको पृथ्वीचोकस्थित सञ्चालन गरिएको पोखरा हङकङ बजार स्थापना भएको पहिलो बर्ष पूरा गरी दोश्रो बर्षमा प्रबेश गरेको छ । यस अबसरमा सोमबार हङकङ बजार व्यबस्थापन समितिले एक कार्यक्रम गरी आफ्नो बार्षिकी मनाएको छ । कार्यक्रममा पोखरा उपमहानगरपालिकाका कार्यकारी अधिकृत झलकराम अधिकारी, पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष सञ्जीव बहादुर कोइराला र नेकपा-माओवादी २ नं कमाण्डका ईञ्चार्ज ईन्द्रजीत पुन 'उभार'ले आगामी दिनमा पोखरा हङकङ बजारको उत्तरोउत्तर प्रगातिको कामना गर्दै शुभकामना मन्तव्य दिएका थिए । कार्यक्रममा नेकपा एमाले जिल्ला कमिटी सदस्य

बाँकी अन्तिम पृष्ठमा......

फेरी खुल्यो
कोरियन
भाषा EPS TOPIK का लागि यही September 26 & 27 मा हुने परीक्षामा
१00% पास हुने गरी पढ्नको लागि पुग्नै पर्ने . . .
(EPS द्वारा २८ कम्परमा सुचिकृत) परिक्षार्थहरुको पुरानो भाषा प्रशिक्षण केन्द्र
टप्स ल्याङ्ग्वेज

हाम्रा विशेषताहरु
- EPS-TOPIC 2014 को लागि नयाँ पाठ्यक्रम अनुसार कक्षा सञ्चालन भइरहेको छ।
- २००८ देखि हालसम्मको EPS-KLT TOPIK परीक्षामा शतप्रतिशत पास गराउन सफल,
- कोरियन ID Holder तथा कोरियामा लामो समय पत्रकारीता गर्नुभई EPS TOPIK पढाउनकै लागि नेपाल आउनु भएका दक्ष प्रशिक्षकहरुद्वारा अध्यापन गराइने।
- EPS अन्तर्गत बिभिन्न मुलुकहरुमा लिइदै आइरहेको प्रश्नपत्रहरुको आधारमा अध्यापन गराइने १०० % पास गराउनको खातिर अमुक सुत्रहरु सिकाइने।

इच्छा, शक्ति र लगानी तपाईंको, पास गराउने जिम्मा हाम्रो
TOPS
Language & Training Institute
Tel.: 061-622289, 525835
महेन्द्रपुल (हुलाक पछाडि मोर्शा मेडिकलको दोस्रो तला), मेडिकल लाइन

किशोरीहरूको आवद्धता, उज्जवल भविष्यको सुनिश्चितता

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

भर्ना खुल्यो !

**गुरुकुल विद्या सदन उच्च मा.वि.** नयाँबजार, पोखरा-९ मा शैक्षिक सत्र २०७१ का लागि **नर्सरीदेखि कक्षा ९ सम्म** केही सीमित सिटहरुमा नयाँ भर्ना खुलेको जानकारी गराइन्छ ।

विद्यालयका विशेषताहरु :
- सम्पूर्ण कक्षाहरुमा बालमनोविज्ञान केन्द्रीत शिक्षण प्रणालीको प्रयोग ।
- कमजोर र विभिन्न समस्या भएका विद्यार्थीहरुका लागि उपयुक्त वातावरणसहित विशेष Counseling को व्यवस्था भएको ।
- दक्ष, अनुभवी र पेशागत मर्यादा भएका शिक्षक शिक्षिकाहरुद्वारा अध्यापन गराइने ।
- विद्यार्थीहरुको अनुशासन र सिकाइमा Self-Motivation ल्याउनका लागि विशेष Motivational कक्षाहरुको व्यवस्था ।
- हरेक बिद्यार्थीको क्षमता पहिचान गरी सो अनुकुलको शिक्षण तथा परामर्शको व्यवस्था ।
- प्रत्येक विद्यार्थीको सुक्ष्म मूल्याङ्कन गरी नियमित रुपमा समयमा नै अभिभावकसँग परामर्श गर्ने व्यवस्था ।
- पूर्व प्राथमिक तहमा पूर्ण मन्टेश्वरी शिक्षण विधिको प्रयोग ।
- आधुनिक खेलकूदका सामग्रीसहित खुला, शान्त एवं भौतिक सुविधा सम्पन्न विद्यालय ।
- संगीत, नृत्य तथा कला (Arts) का नियमित कक्षाहरुको व्यवस्था ।
- सुविधायुक्त Library, Science Lab तथा Computer Lab को व्यवस्था ।
- यातायात तथा पूर्ण आबासीय सुविधाको व्यवस्था ।

भर्ना फारम वितरण भइरहेको छ ।

| | |
|---|---|
| प्रवेश परीक्षा मिति | : २०७०/१२/३० गते र २०७१/०१/०४ गते |
| समय | : बिहान ११:०० बजेदेखि |
| परीक्षा हुने विषयहरु | : अंग्रेजी, गणित, नेपाली र विज्ञान |

अन्य जानकारीका लागि विद्यालयमा सम्पर्क गर्नुहोला ।

नोट : वार्षिकोत्सव तथा अभिभावक दिवसको खण्डभय वैशाख ७, ८, ९ र १० गते बेलुका ७ बजे पोखरा केबुलबाट प्रशारण हुनेछ ।

गुरुकुल विद्या सदन उच्च मा.वि.
नयाँबजार, पोखरा-९, फोनः ०६१-५२८२६८, ९८५६०३३४८७, ९८५६०३७२२५

हार्दिक बधाई



श्री धर्मराज अधिकारी

यस संघका सदस्य एवं अधिकारी ब्रदर्श कन्स्ट्रक्सनका प्रोपाइटर श्री **धर्मराज अधिकारी**ज्यू नेपाल रेडक्रस सोसाइटी कास्की शाखाको ३०औं अधिवेशनबाट गरिमामय **कोषाध्यक्ष** पदमा निर्विरोध निर्वाचित हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उहाँको कार्यकालको पूर्ण सफलताको कामना गर्दछौं ।

दीपेन्द्र मर्सानी — सचिव
एवं
ऋषिराम गौतम — अध्यक्ष

नेपाल निर्माण व्यवसायी संघ, कास्की



■ मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन ।
- *महाकवि लक्ष्मीप्रसाद देवकोटा*

## सम्पादकीय . .

# बेरुजु घटाउन आवश्यक

केही दिन अघि महालेखापरीक्षकको कार्यालयलले नेपालको आर्थिक अवस्था को सत्यतथ्य विवरण सार्वजनिक गऱ्यो । सो कार्यालयका अनुसार आर्थिक वर्ष २०६९/७० मा कानुन बमोजिम लेखापरीक्षण हुन नसकेको रकम १९ प्रतिशतले वृद्धि भएर रु. दुई खर्ब चार अर्ब २६ करोड पुगेको छ । कार्यालयले सरकारी कार्यालय, सङ्गठित संस्था, अन्य संस्था र समितिसमेत चार हजार ७४० निकायको लेखापरीक्षण सम्पन्न गरेको हो । त्यसमध्ये २२ विषयको कार्यमूलक र दुई विषयको सूचना प्रविधिको लेखापरीक्षण गरिएको छ । कानूनबमोजिम फछ्र्यौट नगरेको बेरुजू रु एक खर्ब दुई अर्ब २६ कारोड रहेकामा यस वर्ष एक खर्ब १५ अर्ब ४३ करोड पुगेको छ । सरकारी कार्यालयतर्फ रु ६६ अर्ब २६ करोड बेरुजू रहेकामा यस वर्ष रु ७३ अर्ब ६९ करोड पुगेको छ । सङ्गठित संस्था एवम् समितितर्फको बेरुजू रु ३७ अर्ब ४५ करोडबाट बढेर रु ४१ अर्ब ७४ करोड पुगेको छ । लेखापरीक्षण नगराएको (बक्यौता) रु तीन अर्ब १७ करोडबाट बढेर रु दुई अर्ब ५२ करोड, राजस्व असुल नगरेको (बक्यौता) रु ७३ अर्ब १७ करोडबाट बढेर रु ९३ अर्ब ३६ करोड, समयमै शोधभर्ना नलिएको वैदेशिक अनुदानतर्फ रु १६ अर्ब नौ करोडबाट बढेर रु २० अर्ब ७७ करोड, समयमै शोधभर्ना नलिएको वैदेशिक ऋणतर्फ रु छ अर्ब सात करोडबाट बढेर आठ अर्ब ९६ करोड पुगेको र सरकारी जमानी बसी दिलाएको ऋणको भाखा नाघेको साँवा र ब्याज रु दुई अर्ब पाँच करोड यथावत रहेको छ । सरकारी कार्यालयतर्फ बेरुजू रु २८ अर्ब ७६ करोडमध्ये सबैभन्दा बढी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको २२ प्रतिशतले वृद्धि भएर रु छ अर्ब ५९ करोड पुगेको छ । त्यसैगरी, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको १४ प्रतिशतले रु चार अर्ब २४ करोड पुगेको छ । शिक्षा मन्त्रालयको बेरुजू रु दुई अर्ब ५२ करोड, अर्थ मन्त्रालयको बेरुजू रु तीन अर्ब १८ र सहरी विकास मन्त्रालयको बेरुजू रु दुई अर्ब सात करोड पुगेको छ ।

यसबाट के देखिन्छ भने सरकारी बजेट प्रशासन परिधिभन्दा बाहिर रही वैदेशिक सहायता परिचालन गरेको र प्राविधिक सहायता प्राप्त हुने विवरण तथा सहायता प्राप्त भए नभएको विषयमा पारदर्शितामा कमी हुँदै गएको छ । सरकारले कानूनी परिधिभन्दा बाहिर गएर खर्च गर्ने प्रवृत्ति बन्द हनुपर्नेमा त्यसो नभइ सरकार र तिनका संयन्त्र उल्टो बाटोमा हिंडिरहेको देखिन्छ । समसमा सरकारी बजेट खर्च नहुनु र भएको खर्च समेत सही सदुपयोग हुन नसक्दा नेपाल पटक-पटक कालोसूचीमा पर्नबाट जोगिंदै आएको छ । यस्तो अवस्था हुनुमा नेपालको राजनीतिक अवस्था र कर्मचारीतन्त्र सोही राजनीतिबाट ग्रस्त हुनु र समयमा आउनुपर्ने बजेटमा राजनीतिकरण हुनु हो । केही कर्मचारी राजनीतिक इसारामा चल्दै भ्रष्ट हुँदा असल कर्मचारीले काम गर्न नसक्दा यस्तो अवस्था आएको हो । यसमा राजनीतिक दलहरू, नेता-कार्यकर्ता र सबै सरकारी संयन्त्रले चोच्न आवश्यक छ । यस विषयमा गम्भीर ध्यान जान सकेन भने पटक-पटक कालोसूचीबाट जोगिंदै आएको नेपाल एकपटक अवश्य कालोसूचीमा पर्नेछ र नेपालको आर्थिक अवस्था झन् दयनीय बन्नेछ ।

## आजको पञ्चाङ्ग

**आज मिति २०७१ साल वैशाख २ गते मंगलबार, तदनुसार अप्रिल १५ सन् २०१४, श्रीशाके १९३६, नेपाल संवत् ११३४, पराभवनामकह संवत्सरह, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । वसन्त ऋतु चल्दै छ । चान्द्रमान अनुसार वैशाखकृष्णापक्ष चलिरहेको छ । शौरमान अनुसार आज वैशाखकृष्णपक्षको पूर्णिमा तिथि १८ घटि ३३ पला अर्थात दिनमा १ बजेर ०८ मिनेटसम्म त्यसउप्रान्त प्रतिपदा तिथि लाग्नेछ । आज सूर्य मेष राशिमा रहेको छ भने कन्या राशिमा अहोरात्र रहनेछ । आज दिनमान ३१ घटि ५५ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर ४३ मिनेटमा जयदेव मुहूर्तमा भैसकेको छ भने सूर्यास्त साँझ ६ बजेर २७ मिनेटमा हुनेछ ।**

## आजको राशिफल

**मेष** : विद्यामा प्रगति हुनेछ, प्रेम प्रसङ्ग सफल रहनेछ, यात्रा फलदायी, आर्थिक वृद्धि हुन सक्ने, दिन शुभ छ ।
**वृष** : दाजु भाइमा मनमुटाव हुन सक्ने, धन हानीको योग रहेकोछ, अपजस आइ लाग्ने, मानसिक असन्तोष हुने ।
**मिथुन** : आफन्तसँग झगडा हुने, कार्यमा विध्नबाधा आइलाग्ने, पेट वा कम्मर रोगले सताउनेछ, सतर्क हुनुहोला ।
**कर्कट** : आरोग्यता, एक्कासि धनलाभ हुन सक्ने, इष्टत्रिसँग भेटघाट हुनेछ, कार्यमा सफलता मिल्नेछ, दिन राम्रो छ ।
**सिंह** : यात्रा असफल, खानामा गडबढी हुन सक्ने, कार्य अधुरा र हनेछन, छोराछोरीले सताउने, वायू रोगले सताउने ।
**कन्या** : गुमेको धन हातलाग्ने, पारिवारिक सहयोग पाइने, यश कीर्ति बढ्ने, पढाइमा मनजाने दिन राम्रो छ ।
**तुला** : शोक पर्ने समाचार सुन्नुपर्ला, एक्कासी विवाद पर्ने, नकारात्मक सोचाइले शत्रु वृद्धि हुने ।
**वृश्चिक** : समाजमा झगडा बढ्नेछ, इज्जतमा आँच आउने, मन चञ्चल रहनेछ, पेट रोग लाग्ने, सतर्क रहनुहोला ।
**धनु** : शत्रुमाथि विजय, घरमा नयाँ चहलपहल, धनलाभ, सबै काममा सफलता, समयको सदुपयोग गर्नुहोला ।
**मकर** : धन प्राप्ति, सबै प्रकारको कार्यमा सफलता, हर्ष र खुशीका समाचार सुन्नुपर्ला, साथीभाइको सहयोग पाइने ।
**कुम्भ** : व्यापार व्यवसायमा घाटा, आफन्तले नै विरोध गर्ने, काम अधुरा रहनेछन्, स्वास्थ्य राम्रै रहेपनि मनमा अशान्ति हुने ।
**मीन** : मानसिक पीडा थपिनेछ, प्रेममा बिछोड हुन सक्नेछ , आयश्रोत घट्ने, पारिवारिक झमेला हुनसक्ने ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# शान्ति पदयात्रा तथा शुभकामना आदानप्रदान



तस्वीर : गोल्डेन न्यूज दैनिक

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १ वैशाख ।**

युनिभर्सल पिस फेडेरेशन, विश्व शान्ति तथा एकीकृत परिवार संघ र सिद्धान्त अनुसन्धान महाविद्यालय संघ नेपाल कास्कीको संयुक्त आयोजनामा सोमबार शान्ति पदयात्रा तथा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ । पोखराको चिप्लेढुङ्गा देखी शुरु भएको पदयात्रा पर्स्याङ, लम्लीडाँडा हुदै सराङकोटमा पुगि शुभकामना आदानप्रदान गरेका थिए । देशमा शान्ति स्थापनाका साथै समयमा संविधान निर्माण कामनाको लागि शान्ति पदयात्राको आयोजना गरिएको विश्व शान्ति तथा एकिकृत परिवार संघ कास्कीकी संयोजक शान्ति सुवेदीले जानकारी गराइन् । पदयात्रा कार्यक्रममा समाजका विभिन्न क्षेत्रमा कार्यरत ब्यक्तित्व, युवावर्ग लगाएतको बाक्लो उपस्थिति रहेको थियो । कार्यक्रममा युनिभर्सल पिस फेडेरेशन पश्चिमाञ्चल संयोजक रामचन्द्र देवकोटाले सहभागीहरुलाई नयाँ वर्षको शुभकामना दिदै स्थाई शान्तिमार्फत नै देशको विकास संभव रहेकाले सवैले शान्ति स्थापनाको लागि राष्ट्रलाई सघाउनुपर्ने बताए । युनिभर्सल पिस फेडेरेशन पश्चिमाञ्चल संयोजक रामचन्द्र देवकोटाको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन जितराज लोहनीले गरेका थिए भने कार्यक्रममा करिव ७० जनाको उपस्थिति रहेको थियो ।

# संगम सहकारीमा शुभकामना आदान-प्रदान सम्पन्न

**पोखरा १ वैशाख ।(गोल्डेन)**

पोखरा १५ रामबजारमा अवस्थित संगम बचत तथा ऋण सहकारी संस्था लि.ले नववर्ष २०७१ को उपलक्ष्यमा आफ्ना शेयर सदस्यहरुबीच शुभकामना आदानप्रदान एवं नयाँवर्षको क्यालेण्डर सार्वजनिक कार्यक्रम सम्पन्न भएको छ । शिक्षा तालिम तथा संचार उपसमितिको आयोजनामा कार्यक्रम भएको थियो । कार्यक्रममा संस्थाका अध्यक्ष निरज थापाले शुभकामना मन्तव्य राख्दै सम्पूर्ण शेयर सदस्यहरुको सहयोगले गर्दा संस्था पोखरा क्षेत्रमा एक उल्लेख्य संस्थाका रुपमा परिचित हुन पगेकोमा खुसी वयक्त गर्दै यस वर्ष संस्था दश वर्ष पूरा गर्न लागेकोमा स्मारिका प्रकाशन गर्न लागेको जानकारी दिए । उक्त अवसरमा विज्ञापनदाताबाट राजेन्द्र भण्डारी, कर्मचारीबाट अपिल कोइराला, उद्घोषण तालिम लिएकाबाट दिलमाया केसी थापा, क्यालेण्डर प्रकाशन समितिबाट अधिवक्ता दयाराम गौतम, भ्रमणदलबाट केशरी कुमारी थापा, राहत कोषबाट गोविन्द बहादुर गिरी, ऋण लगानी उपसमितिबाट राजन गुरुङ्ग, लेखा सुपरीवेक्षण समितिबाट लिलबहादुर गुरुङ्ग, सल्लाहकारबाट ललितबहादुर कुँवर, संचालक समितिबाट उपाध्यक्ष दलबहादुर कुँवर, संस्थापक अध्यक्ष क्या.हरिकृष्ण कुँवरले आ-आफ्नो शुभकामना मन्तव्य राखेका थिए । शिक्षा उपसमितिका संयोजक तिलक थापाको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

# एमाले पोखरा-९ को शुभकामना

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १ वैशाख ।**

नेकपा एमाले पोखरा वडा कमिटी ९ ले नवबर्ष २०७१ सालको शुभकामना आदानप्रदान तथा बनभोज कार्यक्रम गरेको छ । कार्यक्रमको उद्घाटन गर्दै सभासद रविन्द्र अधिकारीले एमालेले संधै राष्ट्र र जनताको पक्षमा रहेर काम गर्ने बताए । एमाले कास्कीका अध्यक्ष कृष्ण थापाले एमालेप्रति जनलहर बढ्दै गएकाले अबको स्थानीय निर्वाचनमा पार्टी पहिलो स्थानमा आउने बताए । वडाअध्यक्ष प्रकाश शर्माको सभापतित्वमा सम्पन्न कार्यक्रममा एमाले राष्ट्रिय प्रतिनीधि परिषद सदस्य पुण्य पौडेल, सृजना शर्मा, जिल्ला सचिव दामोदर बैरागी, कार्यालय सचिव बैनबहादुर क्षेत्री, सचिवालय सदस्यहरु तेजनारायण अधिकारी, लक्ष्मी अधिकारी, प्रेम विक, दिपक पौडेल, पूर्व कास्की उपाध्यक्ष लिलाधर पौडेल, क्षेत्र नं ३ का अध्यक्ष धनबहादुर नेपाली, पूर्व विद्यार्थी नेता शिवजी गुरुङ, अनेरास्ववियु कास्की अध्यक्ष अर्जुन अधिकारी, नेपाल खेलकुद महासंघ केन्द्रीय सदस्य खगराज पौडेल, क्षेत्रीय सदस्य गोकर्ण अधिकारी, पूर्व क्षेत्रीय सचिवालय सदस्य दामोदर शर्मा, पूर्व वडा अध्यक्ष वासुदेव तिमिल्सेना, मुक्ति समाज क्षेत्रीय सदस्यद्वय पदमकुमार विक र उषा नेपाली लगायतले शुभकामना आदानप्रदान गरेका थिए । कार्यक्रममा स्वागत मन्तव्य पोखरा-९ कमिटीका आर्थिक विभाग प्रमुख प्रेम गुरुङले गरेका थिए । कार्यक्रमलाई सफल बनाउन सहयोग गर्ने प्रेम विक, दामोदर शर्मा, जीवन आचार्य, भिम नेपाली, ललित श्रेष्ठ, लीला गुरुङ, शेषनारायण पौडेल, गोपी तुलाचन, गोकर्ण अधिकारी, दुर्गाप्रसाद श्रेष्ठ, विरेन्द्र दाहाल, लक्ष्मी अधिकारी, कन्या गुरुङलाई सभासद रविन्द्र अधिकारीले खादा ओडाएर सम्मान गरेका थिए ।

# राधाकृष्णमा शुभकामना आदानप्रदान

**पोखरा १ वैशाख ।(गोल्डेन)**

पोखरा- १८ राधाकृष्ण मन्दिर संरक्षण समिति पोखराले नयाँ २०७१ सालको अवसरमा पारेर शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रमको आयोजना गऱ्यो । कार्यक्रममा बोल्दै मन्दिर संरक्षण समितिका अध्यक्ष एवं कार्यक्रमका सभापति होम बहादुर जि.सी.ले नयाँ वर्षमा नयाँ सोचविचारका साथ कार्य गर्नुपर्ने भन्दै सहभागी सबैलाई शुभकामना दिए । कार्यक्रममा इकाई १८का नेपाली काँग्रेसका सभापति बोधबहादुर कार्कीले वडाभरीमा यस मन्दिरले मात्र नयाँ वर्षको शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना गरी संस्थामा भाइचाराको सम्बन्ध कायम गरेकोमा आयोजकलाई धन्यवाद दिए । कार्यक्रममा वडास्तरीय महिला समन्वय समितिकी अध्यक्ष इन्द्रामाया बानियाँ, पत्रकार रामजी जि.सी., राधाकृष्ण महिला समन्वय समितिकी अध्यक्ष देवी कार्की, शिवालय मन्दिर संरक्षण समितिका अध्यक्ष टिकाराम थापा लगायतले शुभकामना दिएका थिए ।

# बर्गीकृत विज्ञापन


## अब सस्तोमा विज्ञापन

| साइज 1col x 5 cm | साइज 2col x 5 cm |
|---|---|
| ३ दिनको लागि रू २५०/-मात्र | ३ दिनको लागि रू ५००/-मात्र |
| ७ दिनको लागि रू ५००/-मात्र | ७ दिनको लागि रू १०००/-मात्र |
| ३० दिनको लागि रू १५००/-मात्र | ३० दिनको लागि रू ३०००/-मात्र |

सम्पर्क : **गोल्डेन न्यूज राष्ट्रिय दैनिक**
फोन : ०६१-५३९४५५,५२२२२२ मो.९८५६०३४६०१

## पसल बिक्रीमा

लेकसाइड, गौरीघाटस्थित चालु अवस्थामा रहेको जनरल कोल्ड स्टोर विशेष कारणवश बिक्रीमा छ ।
सम्पर्क : ९८०८९१९७८७

## विदेश जानेहरूका लागि सुवर्ण अवसर

दुबई र कतारको Group-4 Security कम्पनीहरूमा जान चाहनेहरूलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्यूरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरू नि:शुल्क संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरू :-
- शतप्रतिशत उत्तीर्ण गराउन सफल
- आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
- १ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

अन्तरवार्ता भइरहेको छ ।

सम्पर्क | **फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ बिकास बैंकको अगाडि, पोखरा बिजनेश कम्प्लेक्स
सटर नं. ३०, फोन:- ०६१-५५०२५२, मो. ९८४६०-४१६९२

## जग्गा बिक्रीमा

गैह्रापाटन मेन रोडबाट १०० मिटर भित्र ३ हात बाटो भएको जग्गा सुपथ मूल्यमा विक्रीमा छ ।
सम्पर्क : ९८०४१२०३०८

## सुनौलो एफएममा ज्योतिष जागरण

प्रत्येक मंगलबार बिहान ठीक ८:३० बजेदेखि ९:३० बजेसम्म सुनौलो एफएम १०२.२ मेगाहर्जमा ज्योतिष जागरण कार्यक्रम सुन्न नभुल्नुहोला ।
सुझावका लागि :
वरिष्ठ ज्योतिष भविष्यवक्ता डा.बलराम उपाध्याय रेग्मी ।
मोवाइल : ९८५६०३०९१४

## कुरियर सेवा

देश विदेशमा चिठीपत्र एवं अन्य पार्सल पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
साझा एक्सप्रेस प्रा. लि.
पोखरा शाखा :
फोन : ०६१-५३४०५०, मो. ९८१४१६५९६५

## खुशीको खबर ! खुशीको खबर !!

के तपाई कम्प्युटर बिग्रिएर समस्यामा हुनुहुन्छ ? यदि तपाई घर तथा अफिसमै आएर कम्प्युटर मर्मत गर्ने ठाउँको खोजीमा हुनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।
**सेवा दिने स्थानहरु** : पोखरा भ्याली, लेखनाथ र तनहुँ
**Mycomputersathi.com**
❖website Design & Development
❖Online Radio streaming Service
*Mycomputersathi*, Buddhachowk, Pokhara-10
Contact: 9746014696, 9804160688, 9846444087
**Email :** mycomputersath, **Skype :** mycomputersathi
**Website :** www.mycomputersathi.com

## "रंगहरूको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
**योर्स ट्रेड कन्सर्न**
*सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !*
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

## सुवर्ण अवसर

पोखरामा नै पहिलो पटक योग्यता अनुसार रोजेको जागिर मात्र रु.२००।-मा
सम्पर्क : **बि. टि. आई**
सभागृहचोक, पोखरा
फोन : ०६१-५२८३०३, ९८५६०३१३८०

## आकर्षक घडेरीहरु विक्रीमा

पोखरा उपमहानगरपालिका-११ फूलवारीको सफामार्गमा पर्ने आकर्षक घडेरीहरू सुपथ मूल्यमा विक्रीमा छन् । इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।
घडेरीहरू :
२० हात मोहडा र ३५ हात पिछाड भएको-२ वटा
२० हात मोहडा र ४५ हात पिछाड भएको-१ वटा
सम्पर्क : ०६१-५३२३७२, ९८०११६८७०४

## सिद्धार्थ पूजा सामग्री भण्डार सिद्धार्थचोक पोखराको खुसीको खबर

हामी कहाँ विवाह, व्रतबन्ध, स्त्री, सप्ताह, चौरासी आदि पूजाहरु धर्ममा चाहिने सम्पूर्ण पूजा सामग्रीहरुको होलसेल तथा खुद्रा बिक्री गरिन्छ साथै ज्योतिष, तान्त्रिक आसन देखाउने व्यवस्था पनि गरिएको छ। साथै पण्डितको पनि व्यवस्था छ।
सम्पर्क : विनोद दाहाल
०६१-५२५३८९, ९८५६०३१६८५

## तुरुन्त खानेपानी चाहिएमा

मेनेजर: ९८४६५२४७०७
अफिस: ०६१ -४६६४७९
ट्याङकर: ९८४६५२४७०८
मिनरल वाटर: ९८४६५२४७०६
जारपानी: ९८४६५२४७०५
**डीप रक वाटर सप्लायर्स**
मितेरी गाउँ-१५, पोखरा

## बस बिक्रिमा

राम्रो कण्डिसनको स्कूलका लागि अति उपयुक्त बस विक्रीमा छ ।
सम्पर्क :
०६१-४६२७६४
९८०२८२००८८

## चावी घर (Key House)

सिद्धार्थचोक, पोखरा
फोन : ०६१-५२५१९०, ९८५६०२५४९०, ९८०४११३२५१
**हाम्रा सेवाहरू** : हरेक प्रकारका तालाको चावी डुप्लिकेटिङ्ग, रिपेयरिङ्ग, होम सर्भिस र बन्द रहेको सबै किसिमको दराज, सेफ, ढोका, गाडी, मोटरसाइकल, पोष्टवक्स, टेवल, फाइलिङ्ग क्याविनेट, सुटकेश, नम्बर चावी, सेक्युरिटी लक आदि बन्द खोल्न होम सर्भिसको व्यवस्था छ ।
**मास्टर की बनाउनुका साथै चावी सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।**

## खुशीको खबर

रु. एक हजारमा गाडी सिकौं।
आत्मनिर्भर बनौं।
सम्पर्क:
लीला ड्राइभिङ
९८१५११८०२५

## नि:शुल्क तालिम

यस गुरुङ हस्तकला तालिम केन्द्रले सम्पूर्ण दिदीबहिनीहरूको लागि
१. गुडिया बनाउने तालिम
२. फूल बनाउने तालिम
सम्पर्क : **गुरुङ हस्तकला केन्द्र**
नयाँबजार, पोखरा-९
(सगरमाथा उच्च मावि नजिकै)
सम्पर्क : ९८४६१९७४८०

तपाईले पढ्नै पर्ने पत्रिका
गोल्डेन न्यूज दैनिक
तपाईले सुन्नै पर्ने एफ.एम.
102.2 sunaulo fm

## खानेपानी चाहिएमा

मूलको शुद्ध खानेपानी चाहिएमा हामीलाई सम्झनुहोस् । बोरिङको नगनाउने पानी
सम्पर्क
**भद्रकाली सप्लायर्स**
काहुँखोलाचोक, आर्वा-१, फोन : ०६१-५३९०६०
९८५६०३७६६६,९८५६०३५७३८

# धादिङ समितिमा शुभकामना आदान-प्रदान तथा क्यालेण्डर लोकार्पण

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा,१ वैशाख ।**

धादिङ-पोखरा सम्पर्क समितिले नववर्ष २०७० को शुभकामना आदान-प्रदान तथा वार्षिक क्यालेण्डर लोकार्पण कार्यक्रम सोमबार सम्पन्न गरेको छ । समितिले प्रत्येकवर्ष शुभकामना आदान-प्रदान तथा क्यालेण्डर प्रकाशन गर्दै आएको छ । क्यालेण्डर प्रकाशनबाट प्राप्त आम्दानीले धादिङ जिल्लाको विभिन्न स्थानमा रहेका विद्यालयमा छात्रवृत्ति, राहत वितरण गर्दै आएको छ । समितिले क्यालेण्डर प्रकाशनबाट प्राप्त आम्दानीले गतवर्ष धादिङको ब्रुसवाङमा रहेका चेपाङहरूलाई खाद्यन्न तथा लत्ताकपडा प्रदान गरेको थियो ।


तस्वीर : गोल्डेन न्यूज दैनिक

सोमबार पोखरामा आयोजित एक कार्यक्रममा समितिद्वारा प्रकाशित २०७१ को क्यालेण्डरको लोकार्पण धादिङ मुलरीभञ्ज्याङ -४, निवासी ८१ वर्षीय वयोवृद्ध दुवलनारायण श्रेष्ठले गरेका थिए । त्यस अवसरमा बोल्दै श्रेष्ठले धादिङ समितिले पोखरामा निकै प्रशंसनीय काम गरेको भन्दै आगामी दिनमा समेत यस्ता कार्यलाई निरन्तरता दिन आग्रह गरे । उनले भने-'पोखरामा धेरै धादिङवासीहरू हुनुहुन्छ । सबैलाई साथमा लिएर सहमति, सहकार्य र एकताको हातमा हातमा हात, काँधमा काँध मिलाएर अघि बढ्न आग्रह गर्दछु ।'

कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्दै समितिका पूर्व अध्यक्ष एवं सल्लाहकार कृष्णकुमार श्रेष्ठले धादिङवासीहरू एकहुनु आजको प्रमुख आवश्यकता भएको बताए । सल्लाहकार परिषदका अध्यक्ष एवं पूर्व अध्यक्ष रुद्रप्रसाद खनालले समाजिक क्षेत्रमा धादिङ समितिले अग्रणी भूमिका खेलेको भन्दै आगामी दिनमा पनि आफ्नो गरिमा र छविलाई कामय राख्न आग्रह गरे । समितिका सल्लाहकार एवं पूर्व वरिष्ठ उपाध्यक्ष केदार धमलाले समितिले पोखरामा गर्विलो इतिहास कायम गरेको भन्दै इतिहासलाई सदा कायम राख्न सबै धादिङवासी एकजुट हुनुपर्नेमा जोड दिए । क्यालेण्डर प्रकाशन समितिका संयोजक गुणप्रसाद सापकोटा (भरत)ले सुख, दुःख जेजस्तो भएपनि सबैको सहयोगले क्यालेण्डर प्रकाशन भएको भन्दै सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गरे । धादिङ सहयोग संस्थाका अध्यक्ष वेनी पाठकले दुःखमामात्र समिति खोज्ने परम्परा बसेको भन्दै सुखमा समेत समितिको खोजी गरी सहकार्य गरी अघि बढ्न धादिङ वासीलाई आग्रह गरे । समितिका कोषाध्यक्ष लालप्रसाद पाठकले सबैको सहयोग र सद्भावले नै समिति अघि बढेको भन्दै एक मन र एकतावद्ध हुने सन्देश नयाँवर्षले दिओस भनि कामना गरे । समितिका अध्यक्ष बलराम खतिवडाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वरिष्ठ उपाध्यक्ष गोकर्ण लम्सालले शुभकामना एवं स्वागत मन्तव्य र कार्यक्रम संचालन सचिव गोकर्ण अधिकारीले गरेका थिए ।

त्यसअवसरमा धादिङ निवासी वयोवृद्धहरू दुवलनारायण श्रेष्ठ, देवकुमारी लम्साल, लक्ष्मी अर्याल, वेदनीधि धरेल, हीरामाया श्रेष्ठ, पदमकुमारी धरेल, हेमाकुमारी शर्मालाईलाई सम्मान गरिएको थियो । धादिङको गतिविधि, समितिले गरेको कार्यहरू समेटेर प्रकाशित क्यालेण्डर समितिको संयोजक गुणप्रसाद सापकोटा (भरत), उपसंयोजक हरि पन्त र सदस्यहरूमा सुदर्शन बसौला, समिर अर्याल र योगप्रसाद सापकोटा (नवराज) रहेका थिए भने समितिका वरिष्ठ उपाध्यक्ष गोकर्ण लम्साल र कोषाध्यक्ष लालप्रसाद पाठकको विशेष सहयोग रहेको थियो ।

# सामुदायिक कानून अभिमुखीकरण तालिम

**पोखरा,१ वैशाख ।(गोल्डेन)**

नेपाल बार एशोसिएशन-न्यायमा पहुँच परियोजना अन्तर्गत कास्कीको धिताल गाविसमा ५ दिने सामुदायिक कानुन अभिमुखीकरण (पारालिगल) तालिम सम्पन्न भएको छ । समुदायस्तरमा हुने कुनै पनि प्रकारका विवादहरुको समुदायस्तरमा नै समाधान गर्न र गम्भीर प्रकृतिका विवादहरु कानुनी निकायसम्म पुऱ्याउनका लागि सहयोगी भूमिका निर्वाह गर्ने उद्देश्यले गाविसमा सामुदायिक अभिमुख (पारालिगल) तालिम संचालन गरिएको कुरा तालिम संयोजक अधिवक्ता सोमबहादुर श्रेष्ठले बताए । कास्की जिल्ला बार एशोसिएशनको आयोजनामा भएको उक्त तालिममा अधिवक्ताहरु पदमपाणि देवकोटा, ज्ञानेश्वर पराजुली, ध्रुव बहादुर खत्री, हेमराज बराल, दीपकराज पौडेल, सोमबहादुर श्रेष्ठ, विष्णु प्रसाद अधिकारी, भोलानाथ तिवारी, मुक्तिनाथ सापकोटा, गणेश बहादुर आले, गीता आचार्य, लिलावल्लौ न्यौपाने लगायतले सहजीकरण गरेका थिए । तालिममा धिताल गाविसका दलित तथा सिमान्तकृत समुदाय र अन्य समुदायका महिला २९ तथा पुरुष ११ गरी ४० जनाको सहभागिता रहेको थियो । कास्की जिल्ला बार एशोसिएशनका अध्यक्ष अधिवक्ता पदमपाणि देवकोटाले सहभागीहरु लाई तालिममा सिकेका कानुनी र व्यवहारिक कुराहरु व्यवहारमा उतारी समुदाय केन्द्रीत विवाद समाधानमा महत्वपूर्ण योगदान पुग्नेमा विश्वस्त रहेको बताउँदै सहभागीहरुलाई प्रमाणपत्र वितरण गरेका थिए । सहभागीहरुको तर्फबाट एन्जिला नेपाली, तेजबहादुर वि.क., लक्ष्मण सुनार, दण्डपाणि पौडेलले कानुनी शिक्षा तथा कानुन अभिमुखको तालिममा सिकेका कुराहरु व्यवहारमा प्रयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दै कास्की बारलाई धन्यवाद गरेका थिए । तालिम संयोजक सोमबहादुर श्रेष्ठको अध्यक्षतामा भएको समापन कार्यक्रमको संचालन सचिव दीपक पौडेलले गरेका थिए ।

## पोखरा...

*लक्ष्मी अधिकारी, राष्ट्रिय उद्योग व्यापार महासंघ केन्द्रीय सचिवालय तथा पोखरा हङकङ बजारका संरक्षक राजकुमार सुवेदी, पोखरा उपमनपा-९ का वडासचिव लोकदर्शन कोइराला, पोखरा उमनपा-९ टोलबिकास समन्वय समितिका संयोजक उत्तम जोशी, हङकङ बजार समितिका सल्लाहकार हरिप्रसाद फुयाँल, उपाध्यक्ष संगम मरासिनी, सह-सचिव ममताज अलिमिया र नेपाली काँग्रेस पोखरा-९ का प्रतिनिधि खलिल अलिमिया लगायतले शुभकामना मन्तव्य दिएका थिए ।*

# माइक प्रदान

**पोखरा,१ वैशाख ।(गोल्डेन)**

पोखरा उपमहानगरपालिका वडा नं. ५, पर्स्याङ निवासी एवं समाजसेवी द्रोणराज अधिकारीले पोखराको नयाँबजारमा रहेको ब्रम्हकुमारी इश्वरीय विश्वविद्यालयलाई एकथान माइक हस्तान्तरण गरेका छन् । अधिकारीले आफ्नो ६१औं जन्मदिवसको अवसर पारी विश्वविद्यालयकी संचालिका ब्रम्हाकुमारी शोभालाई उक्त माइक हस्तान्तरण गरेका थिए । माइक हस्तान्तरण गर्दै अधिकारीले समाजमा सकारात्मक चेतना फैलाउन आफूले आफ्नो जन्मदिनमा माइक प्रदान गरेको बताए । माइक ग्रहण गर्दै शोभाले जन्मदिनमा सहयोग गर्ने प्रवृति बढ्दै गएकोमा खुशी व्यक्त गरिन । सहयोगदाता अधिकारीका श्रीमती, चार छोरा र एक छोरी छन् ।

# खेलकुद समाचार

## इण्डो नेपाल क्रिकेटको नयाँ योजना सार्वजनिक

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा,१ वैशाख ।**

इण्डो नेपाल क्रिकेट डेभलपमेण्ट फाउण्डेशन पोखराले सोमबार शुभकामना आदान प्रदान कार्यक्रम गरेको छ । इण्डो नेपालका अध्यक्ष दिनेश कुमारले नयाँ वर्षसंगै क्रिकेट खेलमा नयाँ योजना सार्वजनिक समेत गरेका छन् । करिव ८० जना क्रिकेट खेलाडी स-साना भाई वहिनीको सहभागितामा सञ्चालित फाउन्डेशनले नेपाललाई विश्वसामु सगरमाथा, गौतम बुद्धले चिनियतापनि आजको युगलाई क्रिकेटले चिनाउनु पर्ने बताएका थिए । क्रिकेट एकेडेमी स्थापना, शैक्षिक प्रतिष्ठानमा क्रिकेट खेल प्रतियोगिता, इण्डो नेपाल क्रिकेट स्टेडियम निर्माण, पोखरालाई खेलकुदको राजधानी बनाउन सिंगो पोखरेलीहरु लाग्न आग्रह समेत नयाँ योजनामा जोड दिएका थिए । कार्यक्रममा महिला हिंसा न्यूनिकरण र सशक्ति करणमा जोड दिने कार्यक्रममा बताईएको थियो । नेपाल क्रिकेट संघका उपाध्यक्ष देवीप्रसाद गुरुङ, क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख देवबहादुर वस्नेत, लेखा प्रमुख प्रजापती दाहालले पोखरालाई खेलको राजधानी बनाउन सवै खेलप्रेमीले सहयोग गर्न आग्रह गरेको कार्यक्रममा सहभागी सुकर्ण सापकोटाले जानकारी दिए । ४ वर्षदेखि २४ वर्ष समूहका खेलाडिलाई आगामी दिनमा विश्वसामू चिनाउन इण्डो नेपाल तदारुकताका साथ लाग्ने शुभकामना आदान प्रदान कार्यक्रममा नारायणप्रसाद अधिकारीले जनाएका थिए । आर्थिक रुपमा विपन्न सस्थाले भारतबाट खेलाडीको स्वागत तथा खेल विकासको लागि प्रशिक्षक आमन्त्रण, नेपालको विजयी गराएर आएका नेपाली क्रिकेट खेलाडीलाई सम्मान गर्ने सस्थाका दिनेश कुमारले बताएका थिए । कार्यक्रममा सहभागी कृष्णप्रसाद अधिकारीले क्रिकेट विकासको लागि आफूहरुले सहयोग गर्नेमा जोड दिएका थिए ।

## वीरगंज क्रिकेटको सेमिफाइनलमा प्रवेश

**पोखरा,१ वैशाख ।(गोल्डेन)**

क्षेत्र नम्बर २ विरगंजले लगातार चौथो जित हाँसिल गर्दै पोखरामा जारी पेप्सि स्ट्याण्डर्ड राष्ट्रिय क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा स्थान बनाएको छ । सोमबारको खेलमा विरगंजले क्षेत्र नम्बर ८,पोखरालाई १ सय १४ रनको फराकिलो अन्तरले पराजित गऱ्यो । टस जितेर व्याटिङ्ग गरेको विरगंजले पुरा ५० ओभर खेल्दै ९ विकेटको क्षतिमा २ सय २४ रन जोडेको थियो । विरगंजको पारिमा अरिफ शेखले ५४,रामनरेश गिरीले ३७,अनिल शाहले ३२ तथा सुमित कदरियाले २७ रन जोडे । कुमार थापाको कसिलो बलिङ्गमा पोखरेली ब्याट्स्म्यानहरु टिक्न नसकेपछि पोखराको पारि ३४.४ ओभरमा १ सय १० मै समेटिएको थियो । पोखराको तर्फबाट दिपेश खत्रिले अभिजित ३० रन बनाएभने रिजन प्रजुले १३,शिव सुवेदीले १२, इशान बानियाले १२ तथा खेमराज पौडेलले १० रन जोडेका थिए । बिरगंजको बलिङ्गमा रामनरेश गिरीले ३, किरण बुडाथोकिले २ तथा हासिम अन्सारिले १ विकेट लिए । पोखराका बलरहरुमा निश्चल पाण्डेले ३,करण केसीले २ तथा सुसिल कँडेल र शिव सुवेदीले एक एक विकेट लिए ।


STUDY IN JAPAN

❖Admission ❖Tuition ❖Hostel

**October Session Intake**

❖NAT/JLPT नचाहिने ।
❖कलेजले नै हप्तामा २८ घण्टा काम खोजिदिने ।
❖जापानमा आफ्नै होस्टेल र अफिस भएको ।
❖दक्ष र अनुभवी शिक्षकबाट पढाउनुका साथै Interview Prepration class
❖100% Visa gaurantee

कक्षाहरू धमाधम संचालन भइरहेका छन्, छिटो गर्नुहोस्

JLCC Japanese Language & Culture Center
Chipledhunga, Pokhara City Center को पारि
Ph : 061535737,535738 Mob : 9846042388



# हार्दिक बधाई एवं शुभकामना

## प्रतीक्षा थपलियालाई

हाम्री प्यारी छोरी / नातिनी एवं सबलाइम उच्च माध्यामिक विद्यालय पोखरा-७, रत्नचोकमा कक्षा ७ मा अध्ययनरत सुश्री **प्रतीक्षा थपलिया**ले वार्षिक परीक्षामा ९३ प्रतिशत अङ्क प्राप्त गरी नि.मा.वि. तथा मा.वि. तहमा विद्यालय टप गर्दै **वेष्ट स्कूल अवार्ड-२०७०** प्राप्त गर्न सफल भएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उनको **उत्तरोत्तर प्रगति एवं उज्ज्वल भविष्य**को शुभकामना व्यक्त गर्दछौं । साथै कान्छी छोरी प्रशंसा थपलिया कक्षा २ बाट प्रथम स्थान हासिल गर्न सफल भएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दछौं ।



बुबा : दीपेन्द्र थपलिया आमा : पूजा थपलिया
हजुरबुबा : ब्रह्मलाल थपलिया हजुरआमा : सीता थपलिया

**तथा सम्पूर्ण थपलिया परिवार**
आगिञ्चोक-६ (छाप्थोक), धादिङ



# RECEPTIONIST TRAINING

के तपाई कुनैपनि बैंक, वित्तीय संस्था तथा कार्यालयको Customer Service/Reception मा बसेर काम गर्न योग्य हुन चाहनुहुन्छ ? आउनुहोस्, हामी तपाईलाई योग्य बनाउने जिम्मा लिन्छौं ।

पोखरामा नै पहिलोपटक

**"उत्कृष्टलाई रोजगारीको व्यवस्था"**

हाम्रा विशेषताहरू कक्षा संचालन : वैशाख १० गतेबाट
❖पूर्ण पारिवारिक वातावरणमा अध्ययन गराइने ।
❖लामो समय तालिममा क्रियाशील प्रशिक्षक
❖तालिमपछि रोजगारीमा योग्यता अनुसार सघाइने

समय : दिउँसो र बेलुका

सम्पर्क : **विन्ध्यवासिनी ट्रेनिङ इन्स्टिच्युट (बि.टि.आई.)**
सभागृहचोक, पोखरा, फोन : ०६१-५२८३०३, ९७४६००३८८०

नोट : एस.एल.सी. दिएर बसेका विद्यार्थीहरूले पनि लिन मिल्ने ४५ दिने बैकिङ्ग तालिममा भर्ना चलिरहेको छ ।



# के तपाईमा यौनसम्बन्धी समस्या छ ???

**पुरूषमा देखिने**
शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवी, साथै अन्य चर्मरोगहरू ।

**महिला वा पुरूषमा हुने -बाँझोपन) नि:सन्तानको सफल उपचार**

जाँच्ने समय : प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान
**माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिस्ट डाक्टर्स क्लिनिक**
नयाँबजार, पोखरा -पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ९८४६०४११३१, ९८०४१७२५३१



# नि:शुल्क स्वास्थ्य परीक्षण बारे सूचना

**मिति** : २०७१ बैशाख १-७ गतेसम्म
**परीक्षण समय** : बिहान ८ बजेदेखि बेलुका ५ बजेसम्म
**उपचार गरिने रोगहरू** : प्यारालाइसिस, साइटीका, नशा च्यापिएको, हातखुट्टाका पैताला पोल्ने, झमझमाउने, निदाउने, बाथ, युरिक एसिड, हात खुट्टाका घुँडा जोर्नीहरू दुख्ने, सुन्निने, ढाड कम्मर दुख्ने, ग्याष्ट्रिक, बव्जियत, अल्सर, पायल्स, दिशा लागिरहने, दम, खोकी, मुटु दुख्ने,हेपटाइटिस ए.बी.सी., आधा टाउको दुःख्ने, अरुचि, अनिद्रा, दाग, एलर्जी, मुसा, पिनास, नाक बन्द हुने, नाकमा मासु पलाउने, रुघा लागिरहने, स्वाद थाहा नपाउने, आँखाबाट आँसु बगिरहने, सेतो पानी बग्ने, ढाड दुख्ने, महिनावारी गडबढी, पिसाव पोल्ने, यौन रोग, बाझोपन, धुम्रपान, मद्यपान जस्ता कुलतबाट छुटकारा, विना अप्रेशन पायल्स, पत्थरी, पिनास, हाइड्रोसिल, टन्सिल ।

सम्पर्क
**केशव होमियो फार्मेसी**
महेन्द्रपुल, पोखरा, बाँस्तोलाथर(मेडिकल लाइन पछाडि ओम हस्पिटल अगाडि)
फोन : ०६१-५२७५८३, फोनबाट पनि ना दर्ता गर्न सकिनेछ ।



# शुभकामना ! शुभकामना !!

एस.एल.सी. दिएर बसेका विद्यार्थीहरुलाई रिजल्टको शुभकामनाका साथै निम्न विषयहरूमा विशेष छुटको व्यवस्था गरिएको छ ।

# Basic Computer
# Diploma Computer मा English Language Free
# Graphic & Designing
# Hardware and Networking
# A\C Package (Tally, Tata-ex, Finpro)
# English language (Grammar and Spoken Bassed)
# Rj तथा उद्घोषक तालिममा ६० प्रतिशत छुट

सम्पर्क:
**Informatics Institute**
Srijanachowk-8, Pokhara
UTL-061-229471, Mo-9846041617
सृजनाचोक र सभागृहचोकको बीच सुविधा सहकारी भएको भवन)



# पोखरामा नै पहिलो पटक

**अब सम्पूर्ण सुविधा एकै ठाउँमा**

❖कम्प्युटर, प्रिन्टर, फोटोकपी मर्मत सुविधा
❖Web र Software सम्बन्धी सम्पूर्ण सेवा
❖CCTV, PABX सम्बन्धी सम्पूर्ण कार्य
❖Housewiring र सम्पूर्ण बिजुली सम्बन्धी काम
❖Pest control र Carpet Cleaner सम्बन्धी सेवा
❖प्लम्बिङका सम्पूर्ण उपकरण मर्मत तथा फिटिङ्ग
❖ सरसफाइ सम्बन्धी कामकाका साथै अन्य धेरै सुविधाहरू एकै ठाउँमा ।

प्रिन्टर रिफिल मात्र रु. ४००|- मा

*नोट : AMC गर्ने अफिस तथा घरको लागि विशेष छुटको व्यवस्था छ ।*

विस्तृत जानकारीका लागि :
**Pokhara Total Facility Management Co. (Pvt). Ltd.**
Nayabazar, Harati Complex, Pokhara
Ph: 061-537565, Mob: 9856031172, 9856034998
Email : pokharatfm@gmail.com, page: facebook.com/pokharatfm


सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि कार्यकारी अध्यक्ष गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा -सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा